
# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाण्डौं फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल।



बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश, नेपाल
२०७३

प.सं:-०७७।०७८ मिति : २०७७।०८।०९

च.नं:- १२०३

विषय : लेखन प्रतियोगितामा सहभागी छनोट सम्बन्धमा ।

श्री सवै वडा कार्यालयहरु
बूढानीलकण्ठ नगरपालिका
काठमाडौं ।

प्रस्तुत विषयमा शंखरापुर नगरपालिकाको मिति २०७७।०८।०७ च.नं.५८९ को प्राप्त पत्रानुसार राष्ट्रिय युवा परिषदको आह्वानमा जिल्लास्तरिय प्रतिस्प्रर्धात्मक लेखन प्रतियोगिता सञ्चालन हुने भएकोले तपशिल बमोजिमका आधारमा यस नगरपालिकाबाट २ जना १६ देखि २४ वर्षका युवाहरु छनोट गरी पठाउनका लागि सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बैकुण्ठप्रसाद सापकोटा
प्रमूख प्रशासकीय अधिकृत

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

१.प्रतियोगिताको बिषय : "सम्वृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरु "
२.लेखन माध्यम भाषा : नेपाली
३.समय : २ घण्टा ३० मिनेट
४.लेखनशैली : निबन्धात्मक विचारहरु प्रस्तुत गर्दा बुँदागत रुपमा गर्नुपर्ने ।
५.लेखनमा समेटिनुपर्ने क्षेत्रहरु : कृषि, पर्यटन, वन तथा जडिवुटि, सुचना तथा सञ्चार, विज्ञान तथा प्रविधि, गुणस्तरिय तथा व्यवसायिक शिक्षा, रोजगारी, उद्धमशीलता र सीप विकास, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, खेल तथा मनोरञ्जन विविध ।
६.प्रतियोगितामा भागलिन इच्छुक युवाहरुले मिति २०७७ मंसिर १४ गते भित्रमा बूढानिलकण्ठ नगरपालिका शिक्षा शाखामा Hardcopy वा edubudhanilkantha2076@gmail.com मा पठाउनुहुनु पर्नेछ ।
७. यस नगरपालिकामा २ जना भन्दा बढी युवाहरुले विचारहरु पठाउनु भएमा नगरपालिका शिक्षा शाखाले २ जना युवाहरुलाई छनोट गरि जिल्ला स्तरिय प्रतियोगिताका लागि शंखरापुर नगरपालिका साँखुमा हुने लेखन प्रतियेगिताका लागि २०७७ मंसिर २२ गते सोमबार बिहान ११ बजे पुग्ने गरि पठाउनुपर्नेछ ।
८.अन्य जानकारीका लागि यस नगरपालिका शिक्षा शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

# शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

Web:www.shankharapurmun.gov.np
फोन नं.: ९७७-४४५०३५५
फ्याक्स नं.: ९७७-४४५०३०६


visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: ०७७/०७८
चलानी नं.: ४८S

मितिः- २०७७।०८।०७

विषयः सहभागी पठाइदिनुहुन बारे ।

श्री शिक्षा विभाग/ शिक्षा, युवा तथा खेलकुद शाखा,
काठमाण्डौ महानगरपालिका / किर्तिपुर नगरपालिका/ दक्षिणकाली नगरपालिका /चन्द्रागिरि नगरपालिका /कागेश्वरी मनोहरा नगरपालिका /गोकर्णेश्वर नगरपालिका / टोखा नगरपालिका /तार्केश्वर नगरपालिका/बुढानिलकण्ठ नगरपालिका/ नागार्जुन नगरपालिका ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय युवा परिषदको आह्वानमा सामान्य प्रशासन मन्त्रालयले गरेको पत्रअनुसार देशभरिका ७४ वटा पालिकाहरुले सम्बन्धित पालिकामा जिल्लास्तरिय प्रतिस्पर्धात्मक लेखन प्रतियोगिता सञ्चालन गर्नुपर्ने भएको हुदा, त्यस पालिकाबाट उक्त लेखन प्रतियोगितामा तपशिल बमोजिमका आधारमा सहभागी छनोट गरी पठाइदिनुहुन अनुरोध छ ।

तपशिल :

१. प्रतियोगिताको विषयः **"समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरु"** लेखन प्रतियोगिता
२. लेखन माध्यम भाषाः नेपाली
३. समयः २ घण्टा ३० मिनेट
४. लेखनशैलीः निबन्धात्मक (तर विचारहरु प्रस्तुत गर्दा बुँदागत रुपमा गर्नुपर्नेछ)
५. सहभागी सङ्ख्याः एक नगरपालिकाबाट २ जना सम्म ।
६. उमेर समुहः १६ देखि २४ वर्षका युवाहरू
७. सहभागिहरू पठाउदा उनीहरूको नाम, ठेगाना र सम्पर्क नम्बर सहित पठाउनु पर्नेछ।
८. लखनकार्यमा समेटिनुपर्ने क्षेत्रहरुः कृषि, पर्यटन, वन तथा जडिवुटि, सुचना तथा सञ्चार, विज्ञान तथा प्रविधि, गुणस्तरिय तथा व्यावसायिक शिक्षा, रोजगारी, उद्धमशीलता र सीप विकास, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, खेल तथा मनोरञ्जन, विविध ।
९. मूल्याङ्कनको आधारः
   (क) प्राप्त विचारहरुले नेपाली मौलिकता र नयाँपन कति बोकेको छ सो आधारमा मूल्याङ्कन गरिनेछ ।

(ख) प्राप्त विचारहरुले उद्धमशिलता, रोजगारी, स्थानिय तथा राष्ट्रिय महत्वका विषय, राष्ट्रिय उत्पादन बढाउन र परनिर्भरता घटाउने कुरामा दिएको ठोस सुझाव, गरिबि न्युनिकरण, समृद्ध नेपाल निर्माणमा प्राप्त विचारले पुर्याउने योगदान तथा प्रस्तुत विचारहरुले दिगो विकासका लक्ष्य प्राप्तिमा पार्ने प्रभाव लगायतका विचारहरुको औचित्यका आधारमा मापदण्ड निर्धारण गरि मूल्याङ्कन गरिनेछ ।

१०. प्रतियोगितामा सहभागी हुन पठाइने व्यक्तिहरुलाई **संलग्न ढाँचाको निवेदन फारम** भरि यस शिक्षा युवा तथा खेलकुद शाखा, शङ्करापुर नगरपालिका, साँखु काठमाडौं वा इमेल ठेगाना: niraulabr@yahoo.com मा २०७७ मङ्सिर १५ गते भित्र पेश गर्न लगाउनु पर्नेछ ।

११. प्रतियोगिता सञ्चालन मिति: २०७७ मङ्सिर २२ गते सोमबार ।

१२. प्रतियोगिता सञ्चालन समय: बिहान ११ बजे

१३. विचार लेखन प्रतियोगिता अनलाईन तथा अफलाईन मोडलमा सञ्चालन गर्न सकिनेछ ।

१४. विजयी हुने तीन जना प्रतियोगीहरुलाई पुरस्कार (प्रथम: ५०००। द्वितीय: ३०००। तृतीय: २०००।) दिइने छ ।

१५. जिल्लास्तरमा प्रथम हुने प्रतियोगिलाई सिफारिश तथा लिखित विचार सहित प्रदेश स्तरमा पठाइनेछ र प्रदेशस्तरिय प्रतिस्प्रधामा स्थान ओगट्ने सहभागिहरुलाई प्रदेशले संघीय प्रतिस्प्रधाका लागि केन्द्रमा पठाउनेछ ।

१६. प्रदेश तथा संघीयस्तरको प्रतियोगिताको थप जानकारी का लागि राष्ट्रिय युवा परिषद् को वेब साइट www.nyc.gov.np मा हेर्न सक्नुहुनेछ ।

बोधार्थ : श्री राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर ।

बौधराज निरौला
उपसचिव
शिक्षा, युवा तथा खेलकुद शाखा

## अनुसूची १

### प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७७/ /.......

श्री महानगर,उपमहानगर,नगर/ गाँउ पालिकाको कार्यालय,

................. ।

**विषय :- प्रतियोगिता सहभागी हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा तहाँ परिषद्ले प्रकाशन गरेको मिति २०७७/ /... गते प्रकाशित सूचनामा उल्लेख भएको **समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचारहरु " लेखन** प्रतियोगितामा सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु ।

**निवेदनसाथ पेश गरेका कागजातहरू :-**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा मात्र)

ग. जिल्लाभित्रको पालिकामा स्थायी बसोबास भएको प्रमाणपत्र (सहभागी हुने जिल्लाबाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र जारी नभएको अवस्थामा मात्र) ।

जन्म मिति : वि.सं. २०...../...../..... (नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रमा उल्लेखित)

**निवेदक**

दस्तखत : .....................

नाम, थर : ..........................

**निवेदकको ठेगाना :-**

स्थायी : जिल्ला ................. गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ..................

अस्थायी : जिल्ला .............. गा.पा./नगरपालिका .............., वडा नं ......, टोल .................

सम्पर्क : फोन/मोबाइल नं. : ................................ इमेल : .......................................